नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
## परियोजना कार्यान्वयन एकाइ
स्याङ्जा

फोन नं. ०६३–४२०९४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइटः piusyangja.pmamp.gov.np

पत्र संख्या:– ०७८/७९

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

सूचना नं.-०१

प्रथम पटक प्रकाशित मितिः२०७८।०६।११

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, स्याङ्जाको आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सुन्तला सुपरजोन अन्तर्गतको कार्यक्षेत्रहरुमा तपसिल बमोजिमको कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस एकाइमा सूचिकृत इच्छुक कृषि समूह/कृषि सहकारी संस्था/कृषि फर्म/जल/वन उपभोक्ता समितिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात (मिति २०७८/०७/०९ गते भित्र) यस परियोजना कार्यान्वयन एकाइ, स्याङ्जामा देहाय बमोजिमको आवश्यक कागजातहरु संलग्न गरी आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीको लागि यस परियोजना कार्यान्वयन एकाइमा सम्पर्क गर्न सकिनेछ। समयमा पेश नभएको वा रित नपुगेको दरखास्त उपर कुनै कार्वाही हुने छैन।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | अनुदानको अधिकतम सीमा (%) | कार्यक्रम सञ्चालन मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| १ | बगैचा सदृढीकरण अभियान तथा बाली संरक्षण सेवा कार्यक्रम | १२५ हे. | ५० | परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार | निलोतुथो, चुन, खनिज तेल, जैविक विषादि आदि। |
| २ | स्थानिय तह सँगको समन्वयमा नमूना सुन्तलाजात फलफूलको बगैचा स्थापना प्रदर्शन कार्यक्रम | १ | १०० | | कम्तिमा १ हेक्टर क्षेत्रफल भएको हुनुपर्ने । |
| ३ | स्थनीय तहको साझेदारीमा सुन्तलाजात फलफूलका जर्मप्लाज्म संकलन तथा संरक्षण बगैचा स्थापना कार्यक्रम | १ | ८५ | | कम्तिमा ५ रोपनी क्षेत्रफल भएको हुनुपर्ने । |
| ४ | भकारो सुधार कार्यक्रम | ८० | ८५ | | कम्तिमा २० वटा संख्यामा कलस्टर हुने गरी एवं प्रविधि मैत्री तरिकाले बगैंचा व्यवस्थापन गरेको आवेदन पेश गर्ने आवेदकलाई प्राथमिकता दिईने। |
| ५ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रम | २ | ५० | | |
| ६ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम | २५ | ८५ | | |
| ७ | भण्डारण, प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना कार्यक्रम | ३ | ८५ | | आवेदकको आफ्नै स्वामित्वमा भएको जग्गामा कार्यक्रम सञ्चालन गर्नेलाई प्राथमिकता दिइने। |
| ८ | प्याकेजिङ, लेबलिंग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रम | १ | ८५ | | |
| ९ | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण कार्यक्रम | २ | ८५ | | |
| १० | प्राङ्गारिक मल सहयोग अनुदान कार्यक्रम | ३० हे. | ५० | | प्रविधि मैत्री तरिकाले सुन्तला बगैंचा व्यवस्थापन गरेको आवेदनलाई प्राथकिमता दिइने। |
| ११ | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार (सुन्तला) कार्यक्रम | ५० हे. | ५० | | सुन्तला बगैंचा स्थापना एवं विस्तार (बिजु तथा कलमी विरुवा) |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

- रु १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचामा निवेदन। निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
- परियोजनाद्वारा निर्दिष्ट गरेको ढाँचामा पूर्ण रुपले भरिएको प्रस्ताव फाराम।
- समूह/सहकारी/समितिहरुको हकमा कार्यक्रम माग सम्बन्धि कार्य समितिको बैठक निर्णयको प्रतिलिपि।
- नमूना फलफूल बगैंचा स्थापना प्रदर्शन कार्यक्रम/सुन्तलाजात फलफूलका जर्मप्लाज्म संकलन तथा संरक्षण बगैंचा स्थापना कार्यक्रम/नर्सरी श्रोत केन्द्र स्थापना कार्यक्रम/भण्डारण,प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को विवरण वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको सम्झौतानामा पत्र।
- भण्डारण , प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना कार्यक्रम/ नमूना सुन्तलाजात फलफूलको बगैंचा स्थापना प्रदर्शन कार्यक्रम/नर्सरी श्रोत केन्द्र स्थापना कार्यक्रम/सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रमको हकमा सम्बन्धित स्थानिय तह वा वडा कार्यालयको आवश्यक सहयोग गर्ने तथा कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।
- सुन्तलाजात फलफूलका जर्मप्लाज्म संकलन तथा संरक्षण बगैंचा स्थापना कार्यक्रमको हकमा सम्बन्धित स्थानीय तहको लागत साझेदारीको सूनिश्चितताको व्यहोरा लेखिएको सिफारिस पत्र।

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
स्याङ्जा

फोन नं. ०६३–४२०९४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइटः piusyangja.pmamp.gov.np

पत्र संख्या :– ०७८/७९

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

सूचना नं.-०२

प्रथम पटक प्रकाशित मितिः२०७८।०६।११

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ स्याङ्जाको आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मसलाबाली जोन (अदुवा/वेसार) अन्तर्गतको कार्यक्षेत्रहरुमा तपसिल बमोजिमको कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस एकाइमा सूचिकृत इच्छुक कृषि समूह/कृषि सहकारी संस्था/कृषि फर्म/जल/वन उपभोक्ता समितिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात (मिति २०७८/०७/०९ गते भित्र) यस परियोजना कार्यान्वयन एकाइ, स्याङ्जामा देहाय बमोजिमको आवश्यक कागजातहरु संलग्न गरी आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीको लागि यस परियोजना कार्यान्वयन एकाइमा सम्पर्क गर्न सकिनेछ। समयमा पेश नभएको वा रित नपुगेको दरखास्त उपर कुनै कार्वाही हुने छैन।

तपसिलः

| क.स. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | अनुदानको अधिकतम सीमा (%) | कार्यक्रम सञ्चालन मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| १ | भकारो सुधार कार्यक्रम | ८० | ८५ | परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार | कम्तिमा २० वटा संख्यामा कलस्टर हुने गरी आवेदन पेश गर्ने आवेदकलाई प्राथमिकता दिईने। |
| २ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रम | २ | ५० | | |
| ३ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम | २५ | ८५ | | |
| ४ | भण्डारण , प्राथमिक प्रशोधन वा प्रशोधन उधोग स्थापना कार्यक्रम | ३ | ८५ | | आवेदकको आफ्नै स्वामित्वमा भएको जग्गामा कार्यक्रम सञ्चालन गर्नेलाई प्राथमिकता दिइने। |
| ५ | प्राङ्गारिक मल सहयोग अनुदान कार्यक्रम | ३० हे. | ५० | | |
| ६ | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार (अदुवा/वेसार) कार्यक्रम | ८० हे. | ५० | | व्यावसायिक रुपमा अदुवा खेती (अदुवा/बेसार बीउ) |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

- रु १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचामा निवेदन। निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
- परियोजनाद्वारा निर्दिष्ट गरेको ढाँचामा पूर्ण रुपले भरिएको प्रस्ताव फाराम।
- समूह/सहकारी/समितिहरुको हकमा कार्यक्रम माग सम्बन्धि कार्य समितिको बैठक निर्णयको प्रतिलिपि।
- भण्डारण,प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को विवरण वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको सम्झौतानामा पत्र।
- भण्डारण , प्राथमिक प्रशोधन वा प्रशोधन उधोग स्थापना कार्यक्रम एवं सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रमको हकमा सम्बन्धित स्थानिय तह वा वडा कार्यालयको कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
स्याङ्जा

फोन नं. ०६३–४२०९४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइटः piusyangja.pmamp.gov.np

पत्र संख्या :– ०७८/७९

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**सूचना नं.०३**

**प्रथम पटक प्रकाशित मितिः२०७८।०६।११**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ स्याङ्जाको आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रमहरु देहाय बमोजिमको कार्यक्षेत्रहरुमा सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/कृषि सहकारी संस्था/कृषि फर्म/जल/वन उपभोक्ता समितिहरु एवं प्राविधिक शिक्षालयले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात (मिति २०७८/०७/०९ गते भित्र) यस परियोजना कार्यान्वयन एकाइ, स्याङ्जामा देहाय बमोजिमको आवश्यक कागजातहरु संलग्न आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीको लागि यस परियोजना कार्यान्वयन एकाइमा सम्पर्क गर्न सकिनेछ। समयमा पेश नभएको वा रित नपुगेको दरखास्त उपर कुनै कार्वाही हुने छैन।

तपसिलः

| क.स. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | अनुदानको अधिकतम सीमा (%) | आवेदन दिन सकिने क्षेत्रहरु | कार्यक्रम सञ्चालन मापदण्ड |
|---|---|---|---|---|---|
| १ | चक्लाबन्दी कार्यक्रम | ७ | (५०-८५)-क्रियाकलाप अनुसार | जिल्लाभरबाट | परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार |
| २ | स्थानीय तहको लागत सहभागितामा वीउ श्रोत केन्द्र स्थापना कार्यक्रम | २ | ८५ | जिल्लाभर तथा सुन्तला सुपरजोन एवं मसलाबाली जोन विकास कार्यक्रमको कार्यक्षेत्रहरुबाट। | |
| ३ | प्रविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान कार्यक्रम | २ | ७५ | जिल्लाभरका कृषि विषय अध्यापन गराउने प्राविधिक शिक्षालयहरुबाट। | |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

- रु १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचामा निवेदन। निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
- परियोजनाद्वारा निर्दिष्ट गरेको ढाँचामा पूर्ण रुपले भरिएको प्रस्ताव फाराम।
- समूह/सहकारी/समितिहरुको हकमा कार्यक्रम माग सम्बन्धि कार्य समितिको बैठक निर्णयको प्रतिलिपि।
- प्राविधिक शिक्षालयको हकमा विद्यालय व्यवस्थापन समितिको बैठक निर्णयको प्रतिलिपि।
- सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी/जल तथा वन उपभोक्ता समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, PAN दर्ता प्रमाणप्रत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि। (समूह/सहकारी/शिक्षालयको हकमा वार्षिक लेखापरीक्षण प्रतिवेदन।)
- चक्लाबन्दी कार्यक्रम एवं प्राविधिक शिक्षालयको हकमा उत्पादन कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा पत्र।
- वीउ श्रोत केन्द्र स्थापना गरिने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको सम्झौतानामा पत्र।
- वीउ श्रोत केन्द्र स्थापना कार्यक्रमको हकमा सम्बन्धित स्थानीय तहको लागत साझेदारीको सुनिश्चितताको व्यहोरा लेखिएको सिफारिस पत्र।
- चक्लाबन्दी कार्यक्रम एवं प्रविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान कार्यक्रमको हकमा सम्बन्धित स्थानिय तह वा वडा कार्यालयको कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत